प्रदेश सरकार

# भौतिक पूर्वाधार विकास मन्त्रालय

प्रदेश नं. ५

**प्रदेश नं. ५,प्रादेशिक लोकमार्ग निर्माण एवम् व्यवस्था गर्न बन्ने विधेयकका सम्वन्धमा तयार गरिएको अवधारणा पत्र**

१) **नयाँ ऐन बनाउनु पर्ने आवश्यकता :**

क) **पृष्ठभूमी**

नेपालको संविधानको अनुसूची ६ ले व्यवस्था गरेको अधिकारमध्ये क्र.सं. १२ मा प्रदेश लोकमार्ग भनीउल्लेख भएको छ । साथै, प्रदेश नं. ५, प्रदेश सरकार (कार्यविभाजन) नियमावली २०७४ को अनुसूची २ को सि.नं.४ बुँदा नं. १६माप्रदेश लोकमार्गसम्बन्धी नीति, कानून, मापदण्ड, तथा योजना तर्जुमा, निर्माण, स्तरोन्नति, मर्मत सम्भार, तथ्याङ्क व्यवस्थापन, सडक प्रविधिसम्बन्धी अध्ययन अनुसन्धान, यातायात सुरक्षा, कार्यान्वयन र नियमन गर्ने भनी उल्लेख भएकाले सो कार्यलाई व्यवस्थित गर्नेसम्बन्धी बिधेयक निर्माण गर्न आवश्यक भएको ।

ख) **प्रदेश सरकारको नीति तथा कार्यक्रम :**

प्रदेश सरकारको आ.व २०७५/७६ को नीति कार्यक्रमकोबुँदा नं. ३० मा - प्रादेशिक रणनीतिक सडकहरुलाई स्तरोन्नति गर्दैजाने नीति लिइने विषय रहेको र बुँदा नं.४० मा - प्रादेशिक सडकको मापदण्ड निर्धारण गरी प्रादेशिक यातायात गुरुयोजना निर्माण गरिने सोही आधारमा सडक सञ्जाल विस्तार गरिने व्यवस्था रहेको छ ।

ग) **अन्य कारण :**

२) **नयाँ ऐन बनाई कार्यान्वयन भए पश्चात हासिल गरिने उपलब्धि :**

नयाँ ऐन तर्जुमा भए पश्चात् देहायका उपलब्धि हासिल हुनेछन् ।

- प्रादेशिक सडकहरुको वर्गीकरण भई तिनीहरुको निर्माण मर्मत सम्भार विस्तार र सुधारमा सहजता हुनेछ ।
- प्रादेशिक सडकको लागि आवश्यक जग्गा प्राप्ति मुआब्जा वितरण सहज भई सडक विस्तारमा टेवा पुग्नेछ ।
- प्रदेश सरकारले बिकास कर असुल गर्न कानूनी आधार तय हुनेछ ।
- सडकको सुरक्षा रेखदेख अतिक्रमण रोक्न र अवाञ्छित गतिविधि नियन्त्रणमा सहजता हुनेछ ।
- नागरिकको सुविधा तथा आर्थिक हित कायम रहनेछ ।

३) **प्रस्तावित विषयमा मौजुदा कानून भए :**

संघमा सार्वजनिक सडक ऐन, २०३१ रहेको छ।

४) **मौजुदा कानून संसोधन गरी सो उपलब्धी हासिल हुन नसक्ने भए सो को कारण :×**

५) **प्रस्तावित कानून कार्यान्वयन गर्न आर्थिक व्ययभार पर्ने भएका अनुमानित बार्षिक व्ययभार :**
प्रस्तावित कानून निर्माण भई कार्यान्वयन हुँदा प्रदेश सरकारलाई थप आर्थिक व्ययभार नपर्ने ।

६) **प्रस्तावित कानून कार्यान्वयन गर्न थप संरचना आवश्यक पर्ने वा नपर्ने :**
हाल संचालनमा भैरहेका संरचनाबाट नै कार्य सम्पन्न हुनेछ ।

७) **प्रस्तावित कानून निर्माण गर्न कुनै निकायको परामर्श, सहमति लिनु पर्नेमा सो परामर्श वा सहमति प्राप्त भए नभएको :**
प्रस्तावित कानून निर्माण गर्न कुनै निकायको सहमति लिनुपर्ने आवश्यकता नभएको ।

८) **प्रस्तावित कानूनमा समावेश गर्न खोजिएका मुख्य विषय :**
संक्षिप्त नाम र प्रारम्भ, परिभाषा, प्रादेशिक सार्वजनिक सडकहरुको वर्गीकरण, सडक सीमा प्रदेश सार्वजनिक सडकहरुको रेखदेख, मर्मत, संभार, विविध, दण्ड सजाय, कार्यविधि, अधिकार प्रत्यायोजन हुने, नियम बनाउन सक्ने।